कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

प.सं.
च.नं.

प्रथम पटक प्रकाशित मितिः-२०८०।०४।०९

## पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र (E-bid) आव्हान गरिएको सूचना

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षको असार मसान्त सम्म राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रतिस्पर्धा मार्फत सवै भन्दा न्यून रकम कबोल गर्ने फर्मबाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट www.kawasotimun.gov.np तथा www.bolpatra.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | शिलबन्दी बुझाउने आन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रकाशित दर प्रति सी.सी. | १००० | ६०००० | ९० दिन | २०८०/०४/२३ दिनको १२:०० बजे | २०८०/०४/२४ दिनको २:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

भुपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

☎०७८-५४०१७०, ५४१११६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.
च.नं.

**पत्रपत्रिकामा विज्ञापन तथा सूचना प्रकाशन गर्ने सम्बन्धी सूचना (E-Bid) को विस्तृत विवरण**

**प्रथम पटक प्रकाशित मिति २०८०।०४।०९**

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र राष्ट्रिय बाणिज्य बैक कावासोती शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ३२००१००३०१०१०००३ मा रु.१०००/-(अक्षरुपी एक हजार मात्र) (फिर्ता नहुने गरी) दाखिला गरेको वैङ्क भौचर पेश गरेपछि www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्दा सहिछाप गरि अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ र यसरी उल्लेख गरिएको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईने छ।

३. शिलबन्दी दरभाउपत्रको साथमा दरभाउपत्र खरिद गरेको वैङ्क भौचर सहित क्रमशः प्रोपाईटरको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्मदर्ता नविकरणको प्रतिलिपि, मु,अ.कर प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत Electronic Bid मार्फत पेश गर्नुपर्ने छ।

४. शिलबन्दी दरभाउपत्र साथ विडवण्ड वापत रु. ६००००/-( अक्षरुपी साठ्ठी हजार रुपैँया मात्र) यस कार्यालयको राष्ट्रिय बाणिज्य बैक कावासोती शाखामा रहेको धरौटि खाता नं. ३२००१००३०३००००३ मा दाखिला गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य वैङ्कबाट यस कार्यालयको नाममा जारी भएको ९० मान्य अवधि भएको विडवण्ड Electronic Bid मार्फत पेश गर्नु पर्नेछ ।

५. सूचना प्रकाशन गर्दा राष्ट्रिय दैनिक पत्रिका (क) बर्ग मध्ये नेपाल अधिराज्य भर पहुँच भएको कुनै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।

६. कारण जनाई वा नजनाई ठेक्का रद्ध गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा रहनेछ ।

७. यो सूचनामा उल्लेख भएको विषयमा यसै बमोजिम र नभएका अन्य विषयमा प्रचलित ऐन, नियम तथा कानूनबमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
नृपेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत